# लोक सेवा आयोग

# सूचना-पत्र

**BULLETIN**

## साप्ताहिक
## (बुधवार प्रकाशित हुने)

| | | |
|---|---|---|
| वर्ष ३७ | २०७७ जेठ ७ गते | अंक ४४ |
| YEAR 37 | 20 MAY 2020 | NO. 44 |


## विषयसूची


पृष्ठ

१. सिफारिस सम्बन्धी सूचना २

२. स्थगित पदपूर्ति कार्यक्रमका सम्बन्धमा विशेष सूचना २

३. वैकल्पिक सिफारिस सूचना २


**उम्मेदवारहरुलाई विशेष जानकारी :** लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा psconline.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

सर्वाधिकार आयोगमा सुरक्षित
प्रकाशन - ५०० प्रति

जि.का.काठमाडौं द.नं. २६/०४०-४१
म.क्षे.हु.वि.द.नं. ५६/०४९-५०

# सिफारिस सम्बन्धी सूचनाहरु

लोक सेवा आयोगबाट प्रकाशित निम्न लिखित विज्ञापन नम्बर अनुसार देहायका सेवा, समूह, उपसमूह, श्रेणी/तह र पदको लागि लिइएको लिखित परीक्षा र अन्तर्वार्ता समेतबाट देहाय बमोजिम योग्यताक्रम कायम हुन आएकोले नियुक्तिको लागि निम्न लिखित स्थानमा सिफारिस गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## केन्द्रीय कार्यालय, अनामनगर

## अन्तर्वार्ता तथा सिफारिस शाखा

**सूचना नं. ५९२/०७६-७७**
**विज्ञापन नं. १६६५१/०७६-७६**

**सेवा, समूह, उपसमूह :-** न्याय, न्याय | **पदः** सहसचिव वा सो सरह
**अन्तर्वार्तामा उपस्थित संख्याः-** ३ | **तह/श्रेणीः-** रा.प. प्रथम (आ.प्र.)
**सिफारिस स्थानः- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।** | **सिफारिस मितिः-** २०७७/०२/०५

| यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ८७००१० | अशोककुमार क्षेत्री | अर्घा-५, अर्घाखाँची | पदमबहादुर/शान्ता | खिमानन्द |

वैकल्पिक उम्मेदवार

| वै.यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ८७०००१ | अर्जुनप्रसाद कोइराला | पुतलीबजार-१३, स्याङ्जा | नारायणप्रसाद/खगेश्वरी | थमनारायण |

**सूचना नं. ५९३/०७६-७७**
**विज्ञापन नं. १६६५२/०७५-७६**

**सेवा, समूह, उपसमूह :-** न्याय, सरकारी वकिल | **पदः** सहसचिव वा सो सरह
**अन्तर्वार्तामा उपस्थित संख्याः-** ६ | **तह/श्रेणीः-** रा.प. प्रथम (आ.प्र.)
**सिफारिस स्थानः- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।** | **सिफारिस मितिः-** २०७७/०२/०५

| यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ८७०००९ | बालकृष्ण वाग्ले | विरुवा-५, स्याङ्जा | भवानीशंकर/गंगादेवी | नयाँदत्त |
| २ | ८७०००१ | शम्भु कार्की | नागार्जुन-८, काठमाडौं | प्रितिबहादुर/राधा | कालु |

वैकल्पिक उम्मेदवार

| वै.यो.क्र.नं. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ८७०००५ | ज्ञानप्रसाद भुसाल | बगनाशकाली-२, पाल्पा | सर्वानन्द/खगिसरा | मनिराम |

## सूचना तथा प्रकाशन शाखा

## स्थगित पदपूर्ति कार्यक्रमका सम्बन्धमा विशेष सूचना

**सूचना नं. ५९५/०७६-७७**

कोरोना भाईरस रोग (COVID - 19) का कारण सिर्जना भएको स्वास्थ्य-सुरक्षा सम्वेदनशीलतालाई दृष्टिगत गर्दै आयोगबाट सञ्चालन हुने लिखित परीक्षा, अन्तर्वार्ता लगायतका सम्पूर्ण परीक्षा कार्यक्रम तथा विज्ञापनहरु समेत अर्को व्यवस्था नभएसम्मका लागि स्थगन भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्‌बाट मिति २०७७/०१/१४ मा भएको निर्णय समेतलाई मध्यनजर गर्दै आयोगको मिति २०७७/०२/०५ को निर्णय अनुसार निम्न व्यवस्थाहरु गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निजामती सेवाको पदपूर्ति कार्यक्रम सम्बन्धमा :-**

१. लिखित परीक्षा सम्पन्न भएका र अन्तर्वार्ता कार्यक्रममा प्रवेश गरिसकेका विज्ञापनको हकमा नयाँ कार्यतालिका निर्धारण गरी पछि प्रकाशन गरिनेछ।
२. कुनै चरणको परीक्षा कार्यक्रम (प्रथम चरण परीक्षा/लिखित परीक्षा/प्रयोगात्मक परीक्षा आदि) पूर्ण वा आंशिक रुपमा सञ्चालन भएका विज्ञापनका हकमा स्थिति सामान्य भएपश्चात बाँकी सम्पूर्ण परीक्षाहरुको नयाँ परीक्षा कार्यक्रम निर्धारण गरिनेछ।
३. दरखास्त संकलन भैसकेका तर कुनैपनि चरणको परीक्षा कार्यक्रम सञ्चालन नभएका विज्ञापनका हकमा नेपाल सरकारवाट अर्को निर्णय भई नआएसम्मका लागि परीक्षा कार्यक्रम स्थगन गरिएको छ।
४. २०७६/११/२८ मा प्रकाशित राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक) खरिदार वा सो सरह पदका लागि भएका विभिन्न विज्ञापनहरुमा दरखास्त लिने कार्य २०७७/०२/९ गते शुक्रबार देखि बन्द गर्ने निर्णय भएको छ। दरखास्त बुझाई सकेका तर दरखास्त दस्तुर बुझाउन बाँकी उम्मेदवारहरुका लागि स्थिति सामान्य भए पश्चात निश्चित अवधि तोकी दस्तुर बुझाउने प्रबन्ध गरिने छ। नेपाल सरकारवाट अर्को निर्णय भई नआएसम्मका लागि उक्त विज्ञापनहरुको परीक्षा कार्यक्रम स्थगन गरिएको छ।
५. आयोगको स्वीकृत वार्षिक कार्यतालिका वमोजिम विज्ञापन हुन बाँकी रहेका पदहरुको विज्ञापन प्रकाशनको कार्य हाललाई स्थगन गरिएको छ।
६. न्याय सेवा आयोगको क्षेत्राधिकार भएका न्याय सेवाका पदका विज्ञापनको हकमा स्थिति सामान्य भएपश्चात नयाँ परीक्षा कार्यक्रम निर्धारण गरिनेछ।

**सुरक्षा निकाय तथा संगठित संस्थाको परीक्षा सञ्चालन सम्बन्धमा :-**

१. कुनैपनि चरणको परीक्षा कार्यक्रम (शारीरिक तन्दुरुस्ती परीक्षण, आई.क्यू. परीक्षा, प्रथम चरण परीक्षा, लिखित परीक्षा वा अन्य यस्तै प्रकारका परीक्षाहरु) भइसकेका वा परीक्षा प्रकृयामा प्रवेश गरिसकेका निकाय/संस्थाका लिखित परीक्षा सञ्चालन हुन बाँकीको हकमा स्थिति सामान्य भए पश्चात नयाँ परीक्षा कार्यक्रम निर्धारण गरी सार्वजनिक गरिनेछ।
२. सम्बन्धित निकाय/संस्थावाट विज्ञापन प्रकाशन गरिसकेको तर आयोगबाट परीक्षा कार्यक्रम निर्धारण हुन बाँकी रहेका निकाय/संस्थाका विज्ञापनको परीक्षा कार्यक्रम नेपाल सरकारबाट अर्को निर्णय भई नआएसम्मका लागि स्थगन गरिएको छ।

## वैकल्पिक सिफारिस सूचना

आयोगका देहायका विज्ञापन अनुसार सिफारिस भएका मुख्य उम्मेदवारहरुको पद निम्न लिखित कारणले रिक्त हुन आएको हुँदा वैकल्पिक उम्मेदवारहरुलाई सिफारिस गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सूचना नं. | वि.नं. र कार्यालय | पद, सेवा, समूह, उपसमूह र श्रेणी/तह | मुख्य योग्यताक्रमका उम्मेदवार | | | वैकल्पिक सिफारिस गरिएको उम्मेदवार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | यो.क्र.नं. | नाम, थर | पद रिक्त हुनुको कारण | वै.यो.क्र.नं | रोल नं | नाम, थर |
| ५९४/०७६-७७ | १४४०९/०७५-७६ (खुला) दाङ कार्यालय | अधिकृत, प्रशासन, सामान्य प्रशासन, पाँचौं | ३० | भीमप्रसाद बसेल | नियुक्ति नलिएको | १ | ६१११६७ | काशीनाथ आचार्य |
| १०९/०७६-७७ | १००२२/०७५-७६ (खुला) धनकुटा कार्यालय | सहायक, प्रशासन, सामान्य प्रशासन, पाँचौं | ६३ | मनप्रकाश यवा | नियुक्ति नलिएको | ७ | ५२६८३ | टेकनाथ रेग्मी |

प्रकाशकः लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा
ई-मेलः: info@psc.gov.np वेभसाइटः www.psc.gov.np
टेलिफोन नं.: ०१-४७७१३५५, फ्याक्स नं. : ०१-४७७१४९० पोष्ट बक्स नं.: ८९७९, काठमाडौं
२०७७/०२/०७ बुधबार